**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**

**माननीय न्यायाधीश श्री श्रीकान्त पौडेल**

**आदेश**

**०८३-FN-०४३९**

**विषयः मुद्दा फिर्ता लिन पाउँ।**

एन.आइ.सि. बै.लि. मर्जर भई एन.आइ.सि. एसिया बैंक लिमिटेड------------------ निवेदक

**विरूद्ध**

ठुला करदाता कार्यालय हरिहरभवन, ललितपुर समेत------------------------------ विपक्षी

**मुद्दाः आयकर (०७८-RB-०७५६)।**

यसमा, यी पुनरावेदकले आर्थिक ऐन, २०८३ को दफा ४६ को उपदफा (१) बमोजिम भएको कर निर्धारणबाट कायम भएको रकम र सोको एक प्रतिशतले हुने थप रकम बुझाउन मजुर भएकोले प्रस्तुत पुनरावेदन फिर्ता लिन अनुमति पाउँ भन्ने निवेदन दिई पुनरावेदकको तर्फबाट अधिकारप्राप्त सुजित कुमार शाक्यको मन्जुरीनामा लिई श्रीजन खत्रीले निवेदन सनाखतसमेत गरेको देखिँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९६ तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम, ८३ बमोजिम प्रस्तुत मुद्दा फिर्ता लिन अनुमति प्रदान गरिएको छ। प्रस्तुत FN निवेदन तथा मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई नियमानूसार गर्नू।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०८३ साल भदौ महिना २५ गते रोज ५ शुभम् ------------------------।